काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## [illegible] औं नगर कार्यपालिका बैठकमा भएका निर्णयको सङ्क्षिप्त विवरण

मिति: २०८२ चैत्र २२ गते, आइतबार (नेपाल संवत ११४६ चौलागा तृतिया)

<table>
<tr><th>क्रस</th><th>विभाग</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>प्रशासन विभाग</td><td>सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) सम्बन्धमा ।</td><td>काठमाडौं महानगरपालिकाको मौजुदा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) लाई पुनरावलोकन कार्य अगाडि बढाउन आवश्यक देखिएकोले सहजीकरणका लागि समिति गठन गर्न तथा नेपाल सरकारका सम्बन्धित निकायसँग G2G प्रणाली मार्फत कार्य गराई २०८३ जेष्ठ मसान्तभित्र पुनरावलोकन प्रतिवेदन पेश गर्ने प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति प्रदान गर्ने ।</td></tr>
<tr><td>२</td><td>प्रशासन विभाग</td><td>काठमाडौं महानगरपालिका श्रम बैंक सञ्चालन कार्यविधि, २०८० संशोधनको लागि सैद्धान्तिक सहमति सम्बन्धमा ।</td><td>काठमाडौं महानगरपालिका श्रम बैंक सञ्चालन कार्यविधि, २०८० संशोधनको लागि सैद्धान्तिक सहमति दिने ।</td></tr>
<tr><td>३</td><td>वित्त विभाग</td><td>काठमाडौं महानगरपालिका पर्यटन प्रवर्धन कोष सञ्चालन कार्यविधि, २०७८ संशोधन सम्बन्धमा ।</td><td>काठमाडौं महानगरपालिका पर्यटन प्रवर्धन कोष सञ्चालन कार्यविधि, २०७८ संशोधन गर्ने</td></tr>
<tr><td>४</td><td>स्वास्थ्य विभाग</td><td>एम्बुलेन्सको भुक्तानी सम्बन्धमा ।</td><td>चालु आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा "विभिन्न ३५ वटा गाउँपालिकाहरुलाई मागको आधारमा एम्बुलेन्स अनुदान सहयोग" शीर्षकमा विनियोजित रकम रु. ८,१०,००,०००।- (अक्षरुपी आठ करोड दश लाख मात्र) बाट खर्च लेखाङ्कन हुने गरि पालिकाहरुलाई उपलब्ध गराएको एम्बुलेन्सको भुक्तानीको लागि प्रति एम्बुलेन्स २२,९९,०००।- का दरले अग्नि ईन्कर्पोरेटेड प्रा.लि.ले रु. ८,०४,६५,०००।- (आठ करोड चार लाख पैसठ्ठी हजार रुपैया) भुक्तानी दिने ।</td></tr>
<tr><td>५</td><td>सार्वजनिक निर्माण विभाग</td><td>टेकुस्थित प्रशासनिक भवन निर्माणको म्याद थप सम्बन्धमा ।</td><td>काठमाडौं महानगरपालिका टेकु स्थित वडा नं. १२ मा काठमाडौं महानगरपालिका कार्यालयको प्रशासनिक भवन निर्माण गर्नको लागि भएको ठेक्का प्रक्रियाबाट छनौट भएको निर्माण व्यवसायी श्री समानान्तर निर्माण सेवा प्रा.लि र काठमाडौं महनगरपालिका बिच विवाद समाधानका लागि नेपाल मध्यस्थता परिषद (NEPCA) मा मिति २०८२/०७/१९ मा भएको मिलापत्र बमोजिम निर्माण कार्य अगाडी बढाउन सो कार्यको कार्यसम्पादन जमानत लिने, सुरु कार्यदेशको निर्माण सम्पन्न अवधि सकिएको मितिबाट नै म्याद थप गर्ने र भवन निर्माण सम्पन्न गर्नको लागि यस कार्यपालिका बैठकबाट निर्णय भएको मिति २०८२।१२।२२ बाट १९ (उन्नाइस) महिना म्याद थप गर्ने र प्रशासनिक कार्यालय भवन निर्माण कार्य सूचारु गर्ने ।</td></tr>
<tr><td>६</td><td>वातावरण व्यवस्थापन विभाग</td><td>बञ्चरेडांडा स्यानिटरी ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रको बालीनाली, घर टहरा र गोठहरुको क्षतिपूर्तिको लागि दररेट स्वीकृति</td><td>बञ्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइटलाई केन्द्र मानी देहाय बमोजिम दररेटमा क्षतिपूर्ति उपलब्ध गराउने
<table>
<tr><td>३०० मीटर वृत्ताकार क्षेत्रभित्र (धादिङ र नुवाकोट जिल्ला) पर्ने निजी जग्गाको क्षतिपूर्ति</td><td>• खेत भए प्रतिरोपनी रु. ३,२३६।१६<br>• बारी/पाखो हुने भए प्रति रोपनी रु.३,९००।००</td></tr>
<tr><td>४०० मीटर वृत्ताकार क्षेत्रभित्र पर्ने</td><td>• घरलाई प्रतिवर्ग मीटर प्रतिमहिना रु ५२।२९<br>• गोठ/टहरालाई प्रतिवर्ग मीटर प्रतिमहिना रु ३४।८६</td></tr>
<tr><td>९०० मीटर वृत्ताकार क्षेत्रभित्र पर्ने घर र गोठ/टहरालाई</td><td>• प्रतिवर्ग मीटर प्रतिमहिना रु २६।१४५</td></tr>
</table></td></tr>
</table>

<table>
<tr><th>क्रस</th><th>विभाग</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>७</td><td>वातावरण व्यवस्थापन विभाग</td><td>फोहरमैला स्थानान्तरण तथा प्रशोधन केन्द्र स्थापनाको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।</td><td>शहरी विकास मन्त्रालय अन्तर्गत गठित स्थानान्तरण केन्द्र निर्माण हुने जग्गाको स्थलगत नापजाँच तथा अध्ययन समितिको प्रतिवेदनमा उल्लिखित देहायका जग्गाहरु स्थानान्तरण केन्द्र निर्माण तथा सञ्चालनमा प्रयोग गर्नको लागि नेपाल सरकार समक्ष सहमतिको लागि अनुरोध गर्ने ।
<table>
<tr><th>क्रस</th><th>वडा नं.</th><th>सिट नं.</th><th>कि.नं.</th></tr>
<tr><td>१</td><td>कामपा ७ स्थित गंगाहिटी</td><td>१०२१२२७२१</td><td>१४७,३९३, १३१, ३८५, ३२२ र ३७०</td></tr>
<tr><td>२</td><td>कामपा ११</td><td>१०२११४५१७</td><td>१</td></tr>
<tr><td>३</td><td>कामपा ६</td><td>१०२१०२९०२</td><td>२३,९८,१४३</td></tr>
<tr><td>४</td><td>कामपा ६</td><td>१०२०९८९२१</td><td>३०९</td></tr>
<tr><td>५</td><td>कामपा १६ बसन्तनगर</td><td>१०२०९८४०७</td><td>१५३, ५, १</td></tr>
<tr><td>६</td><td>कामपा १६ बसन्तनगर</td><td>१०२०९८४०८</td><td>१,५</td></tr>
<tr><td>७</td><td>कामपा १६ चमति</td><td>१०२१०२३२०</td><td>१२६</td></tr>
<tr><td>८</td><td>कामपा १४</td><td>१०२११४३१५</td><td>२४</td></tr>
<tr><td>९</td><td>कामपा १४</td><td>१०२११४३२०</td><td>२</td></tr>
<tr><td>१०</td><td>कामपा ३२ मनोहरा जग्गा एकीकरण</td><td>१०२११८८०७</td><td>३५</td></tr>
<tr><td>११</td><td>कामपा १२, टेकु</td><td>१०२११४३०९</td><td>१९</td></tr>
<tr><td>१२</td><td>कामपा १२, टेकु</td><td>१०२११४३१०</td><td>६२</td></tr>
</table>
साथै माथि उल्लेखित बाहेकका सार्वजनिक/सरकारी/पर्ती जग्गा वा सोही प्रकृतिका काठमाडौं महानगरपालिका क्षेत्रभित्रका अन्य जग्गाहरु आवश्यकता अनुसार फोहरमैला स्थानान्तरण केन्द्र निर्माण एवं सञ्चालन गर्न उपयुक्त हुने भएमा महानगरपालिकाको निर्णय बमोजिम प्रयोग गर्न सहमतीको लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने ।</td></tr>
<tr><td>८</td><td>वातावरण व्यवस्थापन विभाग</td><td>सञ्चार सुविधा उपलब्ध गराउने सम्बन्धमा ।</td><td>ल्याण्डफिल साईट इन्चार्जको जिम्मेवारी तोकिएका श्री उद्धव राज नेपाललाई निजको कार्य बोझ र कार्य प्रकृतिका आधारमा सञ्चार सुविधा उपलब्ध गराउन कार्यालयको तर्फबाट छुट्टै सिम कार्ड प्रयोग गर्न दिने र उक्त सिमको मासिक खर्च रकम कार्यालयबाट सोधभर्ना उपलब्ध गराउने ।</td></tr>
<tr><td>९</td><td>वातावरण व्यवस्थापन विभाग</td><td>प्रभावित क्षेत्रमा स्वास्थ्य विमा कार्यक्रमको लागि नपुग रकम रकमान्तर गरी स्वास्थ्य विमा बापतको रकम भुक्तानी गर्ने सम्वन्धमा ।</td><td>चालु आर्थिक वर्ष २०८२।८३ को स्वीकृत बजेट तथा कार्यक्रमको सि.नं. २१४ "प्रभावित क्षेत्रमा स्वास्थ्य विमा कार्यक्रम" शिर्षक खर्च संकेत नं. २२५२२ मा विनियोजित १ करोड ५० लाख रुपैयाँबाट प्रभावित क्षेत्रका बासिन्दाहरुको स्वास्थ्य विमा बापतको भुक्तानी गर्ने क्रममा नपुग हुन गएको हुँदा काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०८२ को दफा ४ को उपदफा (२) बमोजिम उक्त शिर्षकमा विनियोजित रकमको २५ प्रतिशतले हुन आउने ३७ लाख ५० हजार रुपैया स्वीकृत बजेट तथा कार्यक्रमको सि.न. २८३ "महानगरपालिका तथा अन्तर्गतका वडा एवम् कार्यालयहरुको शौचालय सरसफाई कार्य" शीर्षकबाट रकमान्तर गरी स्वास्थ्य बिमा बापत हुन आउने योगदान रकम निकासा गर्ने ।</td></tr>
<tr><td>१०</td><td>वातावरण व्यवस्थापन विभाग</td><td>वडा नं. १३ ताहाचालस्थित श्री वृद्धि निर्माण सेवा प्रालिको आवासिय कम व्यापारिक भवनको निर्माण तथा सञ्चालनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृति सम्बन्धमा ।</td><td>वडा नम्बर १३ ताहाचलस्थित श्री वृद्धि निर्माण सेवा प्रालिको आवासिय कम व्यापारिक भवनको निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।</td></tr>
<tr><td>११</td><td>कानुन तथा मानव अधिकार विभाग</td><td>कानुनी सल्लाहकारको म्याद थप सम्बन्धमा ।</td><td>साविक बमोजिमको सेवा सुविधा उपलब्ध हुने गरी कानुनी सल्लाहकारहरूको म्याद मिति २०८३ साल असार मसान्तसम्म थप गर्ने र थप अवधिभर कानुनी सल्लाहकारहरूबाट पूर्ववत् रूपमा कानुनी सेवा (लिखत मस्यौदा, वहस पैरवी, कानुनी परामर्श, निर्णय मस्यौदामा सहयोग आदि) लिने।</td></tr>
<tr><td>१२</td><td>कानुन तथा मानव अधिकार विभाग</td><td>विबाद व्यवस्थापन तथा क्षतिपूर्ति कोष सञ्चालन कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा ।</td><td>काठमाडौं महानगरपालिका विवाद व्यवस्थापन तथा क्षतिपूर्ति कोष सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने।</td></tr>
</table>

प्रमुख प्रशासकीय अधिकृत

| क्रसं | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १३ | कानुन तथा मानव अधिकार विभाग | न्यायिक समितिबाट सूचिकृत मेलमिलापकर्ताको नामावली अनुमोदन सम्बन्धमा । | अनलाइन प्रणालीमार्फत प्राप्त आवेदनहरू मध्येबाट योग्यता पुगेका १५४ (एक सय चौवन्न) जना मेलमिलापकर्ताहरूको अन्तिम सूची अनुमोदन गर्ने। |
| १४ | कानुन तथा मानव अधिकार विभाग | काठमाडौं महानगरपालिका मेट्रो मार्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा । | काठमाडौं महानगरपालिका मेट्रो मार्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने। |
| १५ | सम्पदा तथा पर्यटन विभाग | होमस्टे दर्ता तथा नविकरण कार्यविधि तर्जुमाको लागि सैद्धान्तिक सहमति सम्बन्धमा । | काठमाडौं महानगरपालिका होमस्टे दर्ता र नविकरण कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने। |
| १६ | सम्पदा तथा पर्यटन विभाग | श्री भद्रकाली गुथी असन कमलाक्षीलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा । | श्री भद्रकाली गुथी असन कमलाक्षीलाई आ.व. २०८१/८२ मा पाए सरह २ लाख अनुदान चालु आव को स्वीकृत कार्यक्रम तथा बजेटको क्रमागतका योजना अनुसूची ७ अन्तर्गत क्र.सं ८२ को शीर्षकबाट खर्च लेखांकन हुने गरी २ लाख अनुदान सहयोग उपलब्ध गराउने । |
| १७ | शिक्षा विभाग | नेपाल भाषा विश्वविद्यालय स्थापना र सञ्चालनको सम्भाव्यता अध्ययन सम्बन्धमा । | काठमाडौं महानगरपालिकाले परिकल्पना गरेको नेपालभाषा विश्वविद्यालय स्थापनाको सम्भव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको एक उच्चस्तरीय कार्यदल गठन गर्ने:<br>देहाय<br>१. शिक्षा तथा स्वास्थ्य समितिका संयोजक संयोजक<br>२. प्रमुखले मनोनयन गरेका ३ (तीन) जना सदस्यहरु सदस्य<br>३. विभागीय प्रमुख, शिक्षा विभाग सदस्य सचिव<br>कार्यदलको कार्य अवधी २ (दुई) महिनाको हुने र कार्यदलका सदस्यहरूलाई नियमानुसार बैठक भत्ता तथा परिवहन सुविधा महानगरपालिकाबाट उपलब्ध गराउने । |
| १८ | शिक्षा विभाग | सामुदायिक विद्यालयका विद्यार्थीहरुको अध्ययन/अवलोकनका लागि सम्बन्धित विद्यालयलाई अनुदान निकासा गर्ने सम्बन्धमा । | सम्बन्धित वडा कार्यालयको समन्वयमा कक्षा ४ देखि ८ सम्मका विद्यार्थीका लागि काठमाडौं उपत्यकाभित्र चिडियाखाना, म्युजियम, पार्क, सांस्कृतिक क्षेत्र अध्ययन अवलोकन भ्रमणका लागि विद्यालयहरुसँग सम्झौता गरी प्रति विद्यार्थी रु. ३००/- का दरले रकम अनुदान उपलब्ध गराउने । |
| १९ | शिक्षा विभाग | काठमाडौं महानगरपालिकाको शैक्षिक तथा प्रशासनिक कार्यको सुव्यवस्थापनका विभिन्न विषयसँग सम्वन्धित कार्यविधिहरु तर्जुमाका लागि सैद्धान्तिक सहमती प्रदान गर्ने सम्बन्धमा । | काठमाडौं महानगपालिका शिक्षा ऐन, २०७५ को दफा ५७ ख को व्यवस्था बमोजिम<br>काठमाडौं महानगरपालिका संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि,<br>काठमाडौं महानगरपालिका प्रारम्भिक बालविकास केन्द्र तथा शिशु स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि,<br>काठमाडौं महानगरपालिका विशेष शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि,<br>काठमाडौं महानगरपालिका वैकल्पिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, र<br>काठमाडौं महानगरपालिका शैक्षिक गुठी सञ्चालन तथा व्यवस्थापन कार्यविधि एवं<br>काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ को व्यवस्था बमोजिम<br>काठमाडौं महानगरपालिका सामुदायिक विद्यालय सार्वजनिक खरिद कार्यविधि तर्जुमा गर्नका लागि सैद्धान्तिक सहमति दिने । |

| क्र.स | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| २० | सामाजिक विकास विभाग | काठमाडौं महानगरपालिका सहयोगापेक्षी सडक आश्रित मानवमुक्त शहर व्यवस्थापन कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति सम्बन्धमा । | काठमाडौं महानगरपालिका क्षेत्रलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त शहर व्यवस्थापन कार्यविधि तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने । |
| २१ | सामाजिक विकास विभाग | काठमाडौं महानगरपालिका युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग समझदारी तथा सहकार्य गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिका युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत स्थापना भएको युवा तथा साना व्यवसायी रोजगार कोष, ललितपुरसँग समझदारी तथा सहकार्य गर्ने । सोको लागि चालु आ.व. २०८२।८३ को स्वीकृत बजेटमा समावेश भएको सामाजिक विकास विभाग अन्तर्गत स्वर्णीम योजना स्वरोजगार नगरबासी शीर्षकमा विनियोजित बजेट रु २ करोड ६ लाख मध्येबाट खर्च हुने गरी महानगरपालिकाको तर्फबाट रु २ करोड लगानी गर्ने । |
| २२ | सामाजिक विकास विभाग | अस्थायी संरक्षण गृह सञ्चालन सम्बन्धी मापदण्ड तर्जुमाका लागि सैद्धान्तिक सहमति सम्बन्धमा । | काठमाडौं महानगरपालिका अस्थायी संरक्षण गृह संचालन मापदण्ड तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने । |
| २३ | सामाजिक विकास विभाग | कार्यस्थलमा हुने लैङ्गिक हिंसा लगायत अन्य सबै किसिमका लैङ्गिक हिंसा विरुद्धको कानुन तर्जुमा गर्न सैद्धान्तिक सहमति सम्बन्धमा । | कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा अन्य सबै किसिमका लैङ्गिक हिंसा विरुद्धको कानून तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने । |
| २४ | सार्वजनिक निजी साझेदारी एकाई | काठमाडौं महानगरपालिका साझेदारी तथा लगानी ऐन, २०७९ संशोधनको लागि सैद्धान्तिक सहमति सम्बन्धमा । | काठमाडौं महानगरपालिका साझेदारी तथा लगानी ऐन, २०७९ लाई समयानुकुल संसोधन गर्न अपरिहार्य भएकोले संशोधनको लागि समिति गठन गरी संशोधन मस्यौदा तयार गर्न सैद्धान्तिक सहमती दिने । |
| २५ | महनगर प्रहरी बल | महानगर प्रहरी बल मातहत कार्यरत कर्मचारीको राशन भत्ता सम्बन्धमा । | सम्वत् २०८२ फागनु महिना देखि लागू हुने गरी महानगर प्रहरी बलमा कार्यरत सम्पूर्ण नगर प्रहरी कर्मचारीहरुलाई रासन भत्ता प्रतिव्यक्ति प्रतिदिन रु. २२१।९२ (दुई सय एक्काइस रुपैया बयानब्बे पैसा) का दरले उपलब्ध गराउने । |
| २६ | महनगर प्रहरी बल | महानगर प्रहरी बलको कार्यालय सञ्चालनको लागि गरिएको घरबहाल सम्झौता बारे जानकारी सम्बन्धमा । | काठमाडौं महानगरपालिका वडा नं. ११ सुन्धारास्थित तिर्थ राज्यलक्ष्मी शाहको नाममा रहेको कि.नं. २२४२ मा निर्मित जेडिए कम्प्लेक्सको छैठौं तल्लाको कोठा नं. ७०१, ७०२, ७०३ र ७०४ गरी कुल क्षेत्रफल ७५७१.५५ वर्गफिटका ४ वटा कोठाहरु मासिक बहाल रु. ६,०३,८३१।११ (छ लाख तीन हजार आठ सय एकतिस रुपैया एघार पैसा मात्र) कायम हुने गरी मिति २०८२।११।०१ देखि २०८४ माघ मसान्तसम्मको लागि महानगर प्रहरी बलको कार्यालय तथा ब्यारेक प्रयोजनको लागि प्रयोग गर्न मिति २०८२ फागुन १ गते सम्झौता गरिएको |
| २७ | विविध | (क) काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख श्री बालेन्द्र शाहज्यू मिति २०८२ फागुन महिनामा भएको निर्वाचन मार्फत् प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई सम्वत् २०८२ चैत्र १३ गते नेपाल सरकारको ४३औं प्रधानमन्त्रीमा नियुक्त हुनुभएकोमा सम्माननीय प्रधानमन्त्री श्री बालेन्द्र शाहज्यूलाई काठमाडौं महानगरपालिका परिवार हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना ज्ञापन गर्दछ । साथै, पूर्वप्रमुखज्यूको पूर्वाधार सल्लाहकार श्री सुनिल लम्सालज्यू र सहरी योजना आयोगका सहायक विज्ञ श्री सस्मित पोखरेलज्यू प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई नेपाल सरकारको माननीय मन्त्री पदमा नियुक्त हुनु भएकोमा काठमाडौं महानगरपालिका परिवार बधाई तथा सफल कार्यकालको लागि शुभकामना ज्ञापन गर्दछ । त्यसैगरी महानगर प्रहरी बलका पूर्वप्रमुख श्री राजुनाथ पाण्डेज्यू प्रतिनिधिसभा सदस्यको रुपमा निर्वाचित भएकोमा बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछ ।<br>(ख) हाल काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय रहेको कामपा वडा नं. २८ स्थित कमलादीमा रहेको नेपाल सरकार, नेपाल ट्रष्टको नाममा रहेको काठमाडौं प्लाजाको भवन नेपाल ट्रष्टसँगको सम्झौता बमोजिम प्रयोग गरिरहेकोमा उक्त भवन काठमाडौं महानगरपालिकाका लागि कार्यालय सञ्चालन गर्न उपलब्ध गराउनको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने । | |

<table>
<tr><th>क्रस</th><th>विभाग</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td></td><td></td><td colspan="2">(ग) सङ्घीय राजधानी काठमाडौंमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन तथा सभा गोष्ठी गर्ने सुविधासम्पन्न प्रविधियुक्त सम्मेलन केन्द्रको अभाव रहेको महसुस गरी काठमाडौं महानगरपालिकाले काठमाडौं महानगरपालिका २८ नं. वडा प्रदर्शनीमार्ग स्थित भृकुटीमण्डप परिसरमा सुविधासम्पन्न वृहत क्षमताको अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र स्थापना तथा सञ्चालन गर्न नेपाल सरकार समक्ष विगतदेखि अनुरोध गर्दै आएकोमा उक्त स्थान अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र स्थापना गर्न उपलब्ध गराउन नेपाल सरकार समक्ष पुन: अनुरोध गर्ने ।<br>(घ) अन्तर्राष्ट्रिय रुपमा देखा परेको विषम परिस्थितिका कारण इन्धन आपूर्तिमा भएको असामान्य अवस्था र इन्धनको मुल्यवृद्धिको प्रभावलाई मध्यनजर गरी काठमाडौं महानगरपालिका अन्तर्गत खपत हुने पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनिकरण गर्न आवश्यक भएकाले अत्यावश्यक सेवालाई प्रतिकुल असर नपर्ने गरी व्यवस्थापना गर्ने । यसका लागि काठमाडौं महानगरपालिका कर्मचारी सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८० बमोजिम उपलब्ध गराउदै आइरहेको इन्धन सुविधामा अर्को व्यवस्था नभएसम्मको लागि पचास प्रतिशत कटौती गर्ने । साथै इन्धन खपतलाई न्यूनिकरण गर्दै यातायात कुशलता कायम गर्न, वातावरण प्रदुषण घटाउन तथा कार्यालयमा समयमा हुने ट्राफिक व्यवस्थापन कार्यलाई सघाउ पुऱ्याउन कार्यालय सवारी साधनमा क्षेत्र मिल्ने कर्मचारीहरुले आलोपालो गरी सवारी साधन प्रयोग (Car Pooling) गर्ने प्रणाली प्रयोगमा ल्याउनका लागि आवश्यक व्यवस्था मिलाउन प्रशासन विभागलाई निर्देशन दिने ।<br>(ङ) बालाजु बाइसधारा उद्यान परिसरभित्रको स्रोतबाट पानी ढुवानी गर्ने कार्यलाई आवश्यकताका आधारमा पारदर्शी रुपमा अभिलेखीकरण गर्न/गराउन वातावरण विभागसँग समन्वय गरी व्यवस्थापन गर्न उद्यान तथा हरियाली प्रवर्धन आयोजनालाई निर्देशन दिने ।<br>(च) काठमाडौं महानगरपालिका मातहतका स्वास्थ्य प्रवर्धन केन्द्रहरुबाट उपलब्ध गराइएको ल्याब लगायतका अन्य सेवाहरुलाई विहान कार्यालय समयभन्दा अघिदेखि नै सञ्चालन गर्ने व्यवस्था मिलाउने तथा स्वास्थ्य प्रवर्धन केन्द्रहरुबाट उपलब्ध भएका औषधीहरु प्रयोग नभई Exipre हुनु अगावै उक्त औषधिको खपत हुने अन्य केन्द्रमा उपलब्ध गराउने प्रणाली विकास गरी प्रयोगमा ल्याउन स्वास्थ्य विभागलाई निर्देशन दिने ।<br>(छ) महानगर क्षेत्रभित्र सामुदायिक कुकुर तथा बाँदर व्यवस्थापनलाई थप प्रभावकारी बनाउन तथा आगामी बैठकमा प्रगति अवस्था पेश गर्न कृषि तथा पशुपन्छी विभागलाई निर्देशन दिने ।<br>(ज) जेन्जी आन्दोलनको क्रममा पूर्ण रुपमा क्षति भएको २४ वडा विशालबजारस्थित प्रहरी वृत्त जनसेवाको कार्यालय भवन मर्मत सम्भार तथा पुनर्निर्माण कार्यको लागि उक्त प्रहरी वृत्तको कार्यक्षेत्रभित्र पर्ने काठमाडौं महानगरपालिकाका ११,१७,१८,१९,२०,२१,२२,२३,२४,२५ र २७ वडा कार्यालयमा विनियोजन भएको बजेटबाट प्रत्येक वडा कार्यालयले बढीमा १० लाख रुपैयाँसम्मको निर्माण सामाग्री सहयोग उपलब्ध गराउन सैद्धान्तिक सहमति दिने ।<br>(झ) काठमाडौं महानगरपालिका वडा नं. १७ स्थित श्री शान्ति शिक्षा मन्दिर स्कुलमा लिफ्ट जडान गर्ने कार्य र श्री कन्या मन्दिर स्कूलमा लिफ्ट जडान गर्ने कार्यको लागि वडा अन्तर्गत चालु आ.व. ०८२।८३ को स्वीकृत वजेटमा प्रति विद्यालय ४० लाख रुपैयाँ विनियोजन भएकोमा श्री कन्या मन्दिर स्कूलमा लिफ्ट जडान गर्ने कार्यको ल.ई. भ्याट सहित रु.४७,९९,१२७।८६ र श्री शान्ति शिक्षा मन्दिर स्कुलमा लिफ्ट जडान गर्ने कार्यको ल.ई. रु.४७,९९,१११।७३ भएको हुँदा दुई योजनालाई नपुग रु. १५,९८,२३९।५९ (पन्ध्र लाख अन्ठानब्बे हजार दुई सय उनान्चालिस रुपैया उनान्साठी पैसा) चालु आ.व.को वडा अन्तर्गत धोवीचौर सत्तल निर्माण कार्यको लागि विनियोजित रकम रु.२०,००,०००।-बाट रकमान्तर गर्ने ।<br>(ञ) काठमाडौं महानगरपालिका वडा नं. १२ टेकु स्थित फोहरमैला ट्रान्स्फर स्टेशनमा फोरहमैला प्रशोधन (सेग्रिगेसन) प्लान्ट स्थापना गर्न ५०० KVA को ट्रान्स्फर्मर र थ्रिफेज लाइनको मिटर जडान गर्नको लागि वातावरण व्यवस्थापन विभागबाट माग भए बमोजिम नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, रत्नपार्कको मिति २०८२।१०।२६ को च.नं. ५२४ को पत्र अनुसार काठमाडौं महानगरपालिकाको कार्य सञ्चालन प्रयोजनार्थ तीन स्थानमा जडान गरिएका मिटरहरु ( ग्राहक नं. ०१८.२९.२०५, ०२०.१७.२०७ र ०३७.२३.३२५) को मिति २०८२।१०।२६ गतेसम्म विद्युत महसुल वापत रु. १९,१३,३०२।- बक्यौता रहेको र ट्रान्सफर्मर तथा मिटर जडान गर्न लाग्ने अनुमानित लागत रु. २७,८६,८५५।७१ समेत गरी जम्मा रु. ४७,००,१५७।७१ (सतचालिस लाख एक सय सन्ताउन्न रुपैया एकहत्तर पैसा मात्र) बैंक दाखिला गराए पश्चात मात्र निर्माण सम्बन्धी कार्य गर्न सकिने भन्ने पत्राचार भई आएको हुँदा विद्युत महसुल भुक्तानीको लागि प्रशासन विभाग र ५०० KVA को ट्रान्स्फर्मर र थ्रिफेज लाइनको मिटर जडान कार्य गर्न वातावरण व्यवस्थापन विभागलाई निर्देशन दिने ।</td></tr>
</table>

(सरोज गुरागाईं)
प्रमुख प्रशासकीय अधिकृत